बैठक संख्या १७

आज मिति २०७५ साल मंसिर २७ गतेका दिन गाउँपालिका अध्यक्ष श्री लछिमन बोहोरा ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| श्री लछिमन बोहोरा | अध्यक्ष |
| श्री पुन्नकली महतारा | उपाध्यक्ष |
| श्री दत्त बहादुर बुढा | सदस्य |
| श्री कन्न बोहोरा | सदस्य |
| श्री विर्षराम बोहोरा | सदस्य |
| श्री काली बहादुर रावत | सदस्य |
| श्री डिल बहादुर बुढा | सदस्य |
| श्री धन बहादुर थापा | सदस्य |
| श्री लाल बहादुर बुढा | सदस्य |
| श्री लक्ष्मी बोहोरा | सदस्य |
| श्री जालकली बुढा | सदस्य |
| श्री माया बुढा | सदस्य |
| श्री चैती ऐडी | सदस्य |
| श्री मैना कामी | सदस्य |
| श्री पानकली नेपाली | सदस्य |
| श्री टेक बहादुर बुढ्थापा | सदस्य सचिव |

<u>आमन्त्रितहरु:</u>

| | |
|---|---|
| श्री प्रेम बहादुर शाही | सूचना प्रविधि अधिकृत |

श्री दान बहादुर विष्ट ना. सु.

श्री दान बहादुर शाही ना सु

श्री महाकृष्ण पाण्डे लेखापाल

श्री अभयराज रेग्मी ना सु

<u>बैठकका एजेण्डाहरु:</u>

- आ व ०७५।७६ का योजनाहरुको टेन्डर सम्बन्धा
- योजनाको खाता फुकुवा सम्बन्धमा
- बालमैत्री स्थानीय शासन घोषणा वडा नं ४ र ५ सम्बन्धा
- सवारी साधन खरिद सम्बन्धमा
- कार्यालय परिसरमा सिसि क्यमारा जडान सम्बन्धमा
- कार्यालय घेरावार सम्बन्धमा
- राती पालोपहरा डियूटि गर्ने का स हरुको थप सुविधा सम्बन्धमा
- न्यायीक ईजालस व्यवस्थापनका लागि घरभाडामा लिने सम्बन्धमा
- खरिद समिति गठन सम्बन्धमा
- विपत प्रतिकार्ययोजना सम्बन्धमा
- रिनी पूलको वारिपारी फिलिङ्ग
- उर्थू सडक खण्डको खाली भागमा काम गर्ने सम्बन्धमा
- शिक्षक दरबन्दि सृजना समबन्धमा
- प्राविधिकहरुको विज्ञापन सम्बन्धमा
- कर्मचारी समायोजन सम्बन्धमा
- वडा नं ७ को केन्द्र सम्बन्धमा

<u>निर्णयहरु:</u>

निर्णय नं.-१

पातारासी गाउँपालिकाको आ.व. ०७५।७६ को स्विकृत कार्यक्रम अन्तर्गतको उर्थू पेरे चोत्रा सडक खण्ड लगायत रु १० लाख भन्दा माथी विनियोजन भएका गाउँपालिका तथा वडागत बजेटका योजनाहरुको

लागत स्टिमेट भए अनुसार विभिन्न चेनेजमा निर्माण कार्य हुने गरी बोलपत्र आव्हवान  गर्ने गरि निर्णय भएकोमा सोही निर्णयलाई कार्यान्वयन गर्ने निर्णय भयो।

निर्णय नं.-२

यस पातारासी गाउँपालिकाका विभिन्न स्थानमा सञ्चालित तपशिल बमोजिमका योजनाहरुको काम सम्पन्न भइसकेको विविध कारणले खाता रोक्का गरिएको हुँदा उक्त योजनाहरुको यस पातारासी गाउँपालिकाको अनुगमन समितिको प्रतिवेदन प्राप्त भएपछि उपभोक्ता समितिको खाता फुकुवा गर्ने निर्णय गरियो ।

तपशिलः

- उर्थूपक्कीपूलपारीपर्खालनिर्माण वडा नं ६
- उर्थूपक्कीपूलवारीसडकनिर्माण वडा नं ६
- डोसेखोला पक्की पूल निर्माण वडा नं ७ रिनी

निर्णय नं.-३

यस पातारासी गाउँपालिकाको वडा नं ४ र ५ मा स्थानीय बालमैत्री  शासन घोषणाका लागि केही सूचकहरु पूरा भई क्रिडाक नेपाल जुम्ला र पातारासी गाउँपालिकाको साझेदारीमा घोषणाका लागी लागत सहभागिताका लागि आवश्यक बजेट बालबालिका लक्षित बजेटबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.-४

यस पातारासी गाउँपालिकाको कार्यालय प्रयोजका लागि ४ वटा मोटरसाइकल खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.-५

यस पातारासी गाउँपालिकाको सम्पूर्ण गतिविधी एवं क्रियाकलापहरुको रेकर्ड सुरक्षित गर्न कार्यालय परिसरमा **CCTV Camera**जडानका लागि सूचना प्रविधि विस्तार शिर्षक बजेटबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.-६

यस पातारासी गाउँपालिकाको कार्यालयको घेरावारका लागि चाहिने तार जाली कार्यालयबाट खरिद गरि आम्दानी बाँधी खरिद आदेशबाट घेराबार गर्ने निर्णय गरियो ।

निर्णय नं.-७

राती कार्यालयको सुरक्षार्थ राती पालापहरा गर्ने २ जना कार्यालय सहयोगीलाई प्रोत्साहन भत्ता स्वरुप रु ३ हजार प्रति व्यक्ति मासिक दिने निर्णय गरियो ।

पातारासी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
छिल्लीचौर, जुम्ला
कर्णाली प्रदेश नेपाल

निर्णय नं.-८

यस पातारासी गाउँपालिकाको न्यायिक इजलास र शिक्षा शाखाका लागि मौजुदा घरले अपुग भएको हुँदा सोका लागि १ हल र ४ वटा कोठा भाडामा लिने र न्यायिक परामर्शका एक जना वार्षिक रुपमा एकजना कानुनी सल्लाहकार नियुक्ती गर्ने निर्णय गरियो ।

निर्णय नं.-१०

आ व ०७५।७६ को सम्पूर्ण खरिद कार्यका लागि देहाय बमोजिम खरिद समिति गठन गरी मिति २०७४।०६।३० गते गठित खरिद समिति विघटन गर्ने निर्णय गरियो ।

तपशिल:

| | | |
|---|---|---|
| श्री टेक बहादुर बुढ्थापा | (प्रमुख प्रशासकिय अधिकृत) | संयोजक |
| श्री छत्त बहादुर बुढा | (सव ईन्जिनियर) | सदस्य |
| श्री महाकृष्ण पाण्डे | (लेखापाल) | सदस्य |
| श्री अभएराज रेग्मी | (ना. सु. जिन्सी शाखा) | सदस्य सचिव |

निर्णय नं.-११

यस पातारासी गाउँपालिकाको वार्षिक विपद प्रतिकार्य योजना तयार गरी सोका लागि विपद कोष स्थापना गरि सोको खाता सञ्चालन प्रमुख प्रशासकिय अधिकृत तथा विपद शाखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट गर्ने ।

निर्णय नं.-१२

यस पातारासी गाउँपालिकाका विभिन्न वडाहरुबाट माग भई आएका र तत्काल गर्नुपर्ने आवश्यक देखिएका तपशिल बमोजिमका योजनाहरुको लागि पूरानो डिजाइन स्टिमेटबाहेकको खर्च गाउँपालिकाले आवश्यक मूल्याङ्कन गरी व्यावस्था गर्ने र निर्णय गरियो ।

तपशिल:

- उर्थू पुल वारी बाँकी सडक खण्ड निर्माण
- डोसेखोला पक्कीपुलको सपोर्टवाल निर्माण

निर्णयनं.-१३

नेपाल सरकारद्वारा मिति २०७५।०८।२४ गते कर्मचारी समायोजन अध्यदेश २०७५ जारिभई कर्मचारी समायोजनको कार्य तिव्र रुपमा अगाडी बढि सकेकाले यस पातारासी गाउँपालिकाले करार सेवामा प्राविधिक

कर्मचारी भर्ना गर्ने भनी मिति २०७५।०७।११ मा विज्ञापन गरिएकोले उक्त विज्ञापन कर्मचारी समायोजन हुँनजेलसम्मका लागि स्थगित गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१४**

यस पातारासी गाउँपालिकाको गाउँ शिक्षा समितिबाट आएको प्रस्तावबमोजिम नयाँ दरबन्दि सृजना गरि गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि स्थानीय तहको शिक्षा नियमावली मस्यौदा तयार गर्न तथा दरबन्दी सर्भेक्षणका लागि तपशिल बमोजिमको उपसमिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः

श्री टेक बहादुर बुढ्थापा (प्रमुख प्रशासकिय अधिकृत) संयोजक

श्री सम्बन्धित विद्यालय रहेको वडाको वडाध्यक्ष सदस्य

श्री महाकृष्ण पाण्डे ( लेखापाल) सदस्य

श्री दान बहादुर विष्ट (ना. सु. प्रशासन शाखा) सदस्य

श्री सम्बन्धित विद्यालयको प्रधानाध्याप सदस्य

श्री टिकाराज न्यौपाने (शिक्षा संयोजक) सदस्य सचिव

**निर्णय नं.-१५**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कार्मचारी समायोजन शाखाको च नं २२ मितिः २०७५।०८।२४ को पत्र सोही शाखाको मिति २०७५।०८।२५ को विज्ञाप्ती पत्रसमेतको आधारमा यस गाउँपालिकामा हाल कार्यरत साविका स्थानीय निकायबाट स्थायी नियुक्तीपाई बहाल रहेका तपशिल बमोजिमका कर्मचारीहरुलाई कर्मचारी समायोजन अध्यदेश २०७५ को दफा ६ को उपदफा ४ बमोजिम निजहरुको स्थायी नियुक्ती रुजु गरि नियमानुसार तोकिएको म्याद भित्र समायोजनको पत्र उपलब्ध गराउने निर्णय गरियो ।

| कर्मचारीको नामथर | कार्यरत पदको विवरण | | | हाल समायोजन भएको विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| | हालको पद | सेवा | तह | पद | सेवा | तह | समायोजन भएको शाखा |
| श्री भक्तिलाल बुढा | ना.सु. | प्रशासन | सहायक पाचौ | ना.सु. | प्रशासन | साहायक पाचौ | पञ्जीकरण शाखा |
| श्री जन बहादुर बोहोरा | खरिदार | प्रशासन | सहायक चौथो | खरिदार | प्रशासन | साहायक चौथो | वडा कार्यालय |
| श्री बिर्ख बहादुर बुढा | खरिदार | प्रशासन | सहायक चौथो | खरिदार | प्रशासन | साहायक चौथो | वडा कार्यालय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| श्री लकं थापा | खरिदार | प्रशासन | सहायक चौथो | खरिदार | प्रशासन | साहायक चौथो | वडा कार्यालय |
| श्री सिता देवी रावल | खरिदार | प्रशासन | सहायक चौथो | खरिदार | प्रशासन | सहायक चौथो | संघ संस्था समन्वय |
| श्री चुम्बा बुढा | का.स. | प्रशासन | श्रेणिबिहिन | का.स. | प्रशासन | श्रेणिबिहिन | वडा कार्यालय |
| श्री कर्ण बोहोरा | का.स. | प्रशासन | श्रेणिबिहिन | का.स. | प्रशासन | श्रेणिबिहिन | वडा कार्यालय |
| श्री बिष्णु बहादुर बुढा | का.स. | प्रशासन | श्रेणिबिहिन | का.स. | प्रशासन | श्रेणिबिहिन | प्रशासन शाखा |
| श्री कर्ण बहादुर बिष्ट | का.स. | प्रशासन | श्रेणिबिहिन | का.स. | प्रशासन | श्रेणिबिहिन | वडा कार्यालय |
| श्री हरि ऐडी | का. स. | प्रशासन | श्रेणिविहिन | का. स. | प्रशासन | श्रेणिविहिन | वडा कार्यालय |

निर्णय नं.-१६

यस पातारासी गाउँपालिकाको सहायक खाताबाट बुझिलिएका सवारि साधनका लागि प्रति सवारी मासिक १५ लिटर तेल उपलब्ध गराउने र मर्मत खर्च सवारी चालक स्वयमले गर्ने निर्णय गरियो ।

निर्णय नं.-१८

यस पातारासी गाउँपालिकाको वडा नं ७ को वडा कार्यालयको केन्द्र निर्धारण सम्बन्धा सुझाव दिनका लागि देहायबमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः

- श्री लछिमन बोहोरा (अध्यक्ष) — संयोजक
- श्री टेक बहादुर बुढ्थापा (प्रमुख प्रशासकिय अधिकृत) — सदस्य
- श्री धन बहादुर थापा ( वडाध्यक्ष ६ नं ) — सदस्य
- श्री काली बहादुर रावत ( वडाध्यक्ष ४ नं ) — सदस्य
- श्री डिल बहादुर बुढा ( वडाध्यक्ष ५ नं ) — सदस्य